मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

२६ Purwanchal National Daily



बाथरोग सम्बन्धी जुनसुकै समस्याको लागि
डा. लवराज लोहनी
M.B.B.S MD. (NAMS)
Fellowship in Rheumatology
AIIMS New Delhi
NMC No. 11300
वरिष्ठ बाथरोग विशेषज्ञको अब दैनिक सेवा
सनसाइन मेडिसिन सेन्टर
भद्रपुर रोड, बिर्तामोड नपा-४, झापा
(सानिमा बैंक अगाडि) सम्पर्क नं. ०२३-५३४१३२



◆ वर्ष : २६ ◆ अङ्क : ९८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन १२ गते बुधवार (Wednesday, February 24. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-





# प्रतिनिधिसभा पुनर्स्थापना

**झापा, फागुन ११।** प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले विघटन गरेको प्रतिनिधिसभा पुनर्स्थापित भएको छ ।

प्रधानमन्त्री ओलीले गत पुस ५ गते प्रतिनिधि सभा विघटनको सिफारिस गरेको र सोही दिन राष्ट्रपति भण्डारीले विघटन गरेकी थिइन् । राष्ट्रपतिले संसद विघटन गरेलगत्तै सर्वोच्च अदालतमा १३ वटा रिट निवेदन परेका थिए ।

सर्वोच्च अदालतले एक महिना लामो बहसपछि सरकारको निर्णय मंगलवार असंवैधानिक ठहर गर्दै बदर गरेको हो । प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा नेतृत्वको संवैधानिक इजलासले प्रतिनिधिसभा



विघटन गर्ने सरकारको निर्णय बदर गर्ने सर्वसम्मतिले निर्णय गरेको हो । संवैधानिक इजलासमा न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, सपना प्रधान मल्ल, अनिलकुमार सिन्हा र तेजबहादुर केसी रहेका थिए ।

सर्वोच्चको यो निर्णयसँगै प्रधानमन्त्री ओलीले विघटन गरेको प्रतिनिधिसभा 'ब्युँतिएको' छ । प्रधानन्यायाधीश जबराले निर्णयको व्यहोरा वाचन गर्दै बहुमत प्राप्त प्रधानमन्त्रीलाई संविधानको धारा ७६को उपधारा ७ बमोजिम प्रतिनिधिसभा विघटन गर्ने अधिकार नभएको बताए । फैसलाको १३ दिनभित्र प्रतिनिधिसभा बैठक बोलाउन सर्वोच्चले आदेश समेत दिएको छ ।

पुस ५ गते मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभा विघटन गरेर आगामी वैशाख १७ र २७ गतेका लागि निर्वाचन


(बाँकी अन्तिम पृष्ठमा)


## हत्कडीसहित कैदी फरार

**झापा, फागुन ११।** झापाको बिर्तामोड-५का २० वर्षीय प्रकाश चौधरी हत्कडीसहित फरार भएका छन् । उनीसँगै मोरङको कटहरी गाउँपालिका-४ निवासी ३७ वर्षीय मुराज भनिने मनराज शेख समेत हत्कडीसहित फरार भएका छन् ।

प्रहरी नियन्त्रणमा रहेका लागूऔषधका दुई थुनुवा जिल्ला अदालत मोरङको परिसरबाट फरार भएका हुन् । चौधरी र शेखलाई लागू औषध मुद्दामा म्याद थप गर्न अदालत लगिएकोमा उनीहरुको म्याद थप भएपछि फरार भएको मोरङ प्रहरीले जनाएको छ ।

अदालतमा म्याद थप गर्न लिएर गएको प्रहरी टोलीको आँखा छल्दै उनीहरु भागेका थिए । अपरान्ह ३:३० बजे फरार भएका उनीहरुका विषयमा प्रहरीले ६ बजेमात्रै थाहा पाएको थियो । फरार भएकाहरुको खोजी थालिएको भएपनि उनीहरु फेला परेका छैनन् । उनीहरु भारततिर भागेको हुनसक्ने आशङ्का गरिएको छ । सबैतिर नाका शिल गर्दै विभिन्न प्रहरी कार्यालयलाई जानकारी गराएर भागेका थुनुवाको खोजी भइरहेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईले जानकारी दिए ।

लागूऔषध नियन्त्रण व्यूरो विराटनगरको टोलीले शेखलाई आइतबार दिउँसो कटहरीबाट ८ ग्राम लागू औषध ब्राउनसुगरसहित पक्राउ गरेको थियो । त्यस्तै चौधरी विराटनगरको बरगाछीबाट लुपिजेसिक, डाइजेल्याब, एभिल, फेनारगनसहितका लागूऔषधसहित आइतबार पक्राउ परेका थिए ।

दुबै जनाविरुद्ध लागूऔषध ऐन अन्तर्गतको मुद्दामा अनुसन्धान अघि बढाउन प्रहरीले म्याद थप गर्न सोमबार एउटै हत्कडी लगाएर अदालत लगेको थियो । अदालतले म्याद थप गर्दै अनुसन्धानका लागि अनुमति दिइसकेपछि फर्काएर प्रहरी कार्यालय ल्याउने तयारी हुँदै गर्दा झुक्याएर दुबै जना फरार भएको प्रहरीको भनाइ छ ।

**वास्तोला मृत्यु प्रकरण :**

## जिल्ला प्रशासन कार्यालय घेराउ

**झापा, फागुन ११।** मोरङको उर्लाबारीका प्रवीण बास्तोलाको मृत्युको विषयलाई लिएर स्थानीयले जिल्ला सरकारी वकिलको कार्यालय र जिल्ला प्रशासन कार्यालय मोरङमा मंगलवार घेराउ गरेका छन् ।

वास्तोलाको शंकास्पद मृत्युपछि प्रहरीको अनुसन्धान फितलो भएको भन्दै मृतकका आफन्त र स्थानीयले सरकारी वकिल र जिल्ला प्रशासन


(बाँकी अन्तिम पृष्ठमा)


## श्रीमतीको हत्या आरोपमा श्रीमान् पक्राउ

**झापा, फागुन ११।** कुटपिट गरी श्रीमतीको हत्या गर्ने आरोपमा एक भुटानी शरणार्थीलाई प्रहरीले पक्राउ गरेको छ । दमक नगरपालिका-३स्थित भुटानी शरणार्थी शिविर सेक्टर डी ४ छाप्रा नं ३९ बस्ने ५५ वर्षीय सरे राईले आफ्नै श्रीमती ४९ वर्षीया बिष्णुमाया तामाङ राईलाई मादक पदार्थ सेवन गरी कुटपिट गर्दा घटनास्थलमै मृत्यु भएको थियो ।

कुटपिट पश्चात् फरार रहेका राईलाई प्रहरी चौकी


(बाँकी अन्तिम पृष्ठमा)






हार्दिक बधाई

यस पशुपति ट्रेडिङ सेन्टर बिर्तामोड-५का सञ्चालक युवा व्यवसायी **मोहनप्रसाद अधिकारी** कश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठान झापा जिल्ला कार्यसमितिको गरिमामय अध्यक्षमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।



**भेषराज भण्डारी (प्रशान्त)** महासचिव तथा **कुमार भट्टराई** अध्यक्ष

**बिर्तामोड उद्योग वाणिज्य संघ परिवार, बिर्तामोड, झापा**




**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**कर्मचारी आवश्यकता**

नेपाल सरकारद्वारा सञ्चालित आमा सुरक्षा कार्यक्रम यस अञ्जली हस्पिटल प्रा.लि.मा शुरु हुन गइरहेको हुँदा उक्त सुरक्षा कार्यक्रमको लागि निम्न अनुसार कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

| | |
|---|---|
| पद : एनेस्थेसीया टेक्नीसीयन | संख्या : १ जना |
| पद : ओटी नर्स | संख्या : २ जना |
| पद : स्टाफ नर्स वा अनमी | संख्या : ५ जना |

(SBA Traning लिएकालाई विशेष प्राथमिकता)
तलब : आपसी समझदारीमा
सम्पर्क : सूचना प्रकाशित भएको मितिले एक हप्ताभित्र ।

सम्पर्क : **अञ्जली हस्पिटल प्रा. लि.,** बिर्तामोड, झापा (**फोन** : ०२३-५४४७००, ९८५२६७४८०५)

# निशानको म्याग्नाइट बिर्तामोडमा सार्वजनिक

**झापा, फागुन ११।** झापाको बिर्तामोडमा निशान मोटर्सको बहुप्रतीक्षित बी-एसयूभी म्याग्नाइट गाडीको बिक्री बितरण शुरु भएको छ।

बिर्तामोडको भद्रपुर रोडस्थित बिजुली अफिस अगाडि रहेको निशान मोटरका लागि आधिकारिक बिक्रेता निशान सोरुमबाट म्याग्नाइट गाडीको मंगलवारबाट बिक्री बितरण शुरु भएको हो। बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले गाडीको अनावरणसँगै सार्वजनिक गरेका थिए।



अनलाइनमार्फत विश्वव्यापी रूपमा गाडीको बुकिङ गर्न सकिने बताउँदै निशान मोटर्सका आधिकारिक विक्रेता निशान मोटर्स बिर्तामोडका सञ्चालक रौनक वंशलले सोमवार काठमाडौंमा पहिलोपटक म्याग्नाइट गाडीको सार्वजनिक गरिएको र झापामा पनि उत्कृष्ट फिचरका गाडीहरु आइसकेको बताए।

निशान नेपालको आधिकारिक विक्रेता पायोनियर मोटेकर्पले जनवरी २०२१ मा निशान म्याग्नाइट लञ्च गर्ने पूर्वतयारी शुरू गरेको छ। यसमा 'बिग, बोल्ड, ब्युटीफुल' एसयूभीमा स्पोर्टी लुक्ससहित एलइडी हेडल्याम्प, एलइडी डीआरएल, फ्लोटिङ रूफ, ड्युअल टोन बडी पेन्ट, ड्युअल टोन रियर बम्पर जस्ता विशेषता रहेका निशानका बिर्तामोड प्रतिनिधि तेज पौडेलले बताए।

निशान म्याग्नाइट १.० लिटर पेट्रोल इञ्जिनको दुईओटा भेरियन्टमा उपलब्ध हुनेछ। यीमध्ये एउटामा नेचुरली एस्पिरेटेड इञ्जिन र अर्कोमा टर्बोचार्ज्ड इञ्जिन हुनेछ। यस कारमा ८ इञ्चफुल फ्लस टच स्क्रीन इन्फोटेन्मेन्ट सिस्टम, ७ इञ्च टीएफटी ड्राइभ असिस्ट डिस्प्ले, टायर प्रेसर मोनिटर सिस्टम, क्रुज कन्ट्रोल, ३६० डिग्री क्यामेरालगायत फिचर पनि छन्। विविध अत्याधुनिक विशेषता रहेको निशान म्याग्नाइट आफ्नो सेगमेन्टको 'गेमचेन्जर' बन्ने अपेक्षा कम्पनीले गरेको छ।

निशान म्याग्नाइट गाडीको मूल्य २९ लाख ४९ हजार रुपैयाँबाट शुरु हुने निशानका बिर्तामोड सञ्चालक वंशलले बताए। लञ्च कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्व सभापति कृष्ण हुँमागाई, बीबीसी नेपाली सेवाका उमाकान्त खनाल, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख सन्तोष आचार्य, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रकाश जवेगू, बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष प्रकाश शिवाकोटी, महासचिव भेषराज भण्डारी 'प्रशान्त' लगायतको सहभागिता रहेको थियो।

## अमेरिकी डलरसहित बेलायती नागरिक पक्राउ

**काठमाडौं, फागुन ११।** लुकाइछिपाइ अवैध रुपमा बाहिरी मुलुकतर्फ लैजान लागेको २६ हजार ३ सय १० अमेरिकी डलरसहित राहदानी नम्बर ५५३४०८८७५ वाहक बेलायती नागरिक ५१ वर्षीय निल विलियम ग्रीनहुडलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

कतार ए यरवेजको उडानद्वारा काठमाडौंबाट दोहा हुँदै लण्डन जान लागेका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाको एक्स-रे मेसिनमा जाँच गर्ने क्रममा ह्याण्ड व्यागभित्र लुकाई राखेको १ सय दरका २ सय ६३ थान तथा १ दरको १० थानमा रहेको उक्त अमेरिकी डलर र ७ हजार ९ सय ७० नेपाली रुपैयाँ फेला पारी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयको प्रहरीले पक्राउ गरेको हो।

उनलाई आवश्यक अनुसन्धान एवम् कानूनी कारबाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहर भवन पुल्चोक ललितपुर पठाइएको उक्त कार्यालयले जनाएको छ।

### जिल्ला ...

कार्यालय मोरङमा घेराउ गरेका हुन्। गत आइतबार र सोमबार इलाका प्रहरी कार्यालय उर्लाबारीमा प्रदर्शन गरेका आफन्त र स्थानीयले मंगलबार विराटनगर आएर जिल्ला सरकारी वकिलको कार्यालयमा दबाब दिएका हुन्।

प्रहरीले हत्यामा सङ्लग्नलाई उन्मुक्ति दिन मिसिलमा मृतकको फोटो परिवर्तन गरेको आफन्तहरुको आरोप छ। गत पुस ५ गते मृत फेला परेका उर्लाबारी-५का ३१ वर्षीय बाँस्तोलाको हत्या भएको दावी आफन्तको छ। प्रहरीका अनुसार अघिल्लो रात साथीभाइसँग होटलमा खानपिन गरेर उर्लाबारी-६का रमेश गिरीको घरमा बसेका उनको भोलिपल्ट बिहान मृत शव भेटिएको थियो। ओछ्यानमै बेहास अवस्थामा भेटिएको भन्दै उनका साथीले उपचारका लागि गोदावरी अस्पताल लगेकोमा चिकित्सकले मृत घोषणा गरेको बताइएको छ।

घटनाको अनुसन्धानपछि प्रहरीले सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाउँदा प्रमाण नपुग्ने भन्दै सरकारी वकिलको कार्यालयले मुद्दा नचल्ने निर्णय गरेको थियो। मिसिल बुझाउँदा मृतकको तीनवटा फोटो राखेकोमा एउटा फोटो अरु नै व्यक्तिको रहेको खुलेको छ।

फोटो परिवर्तन गरेर अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएका कारण वकिलको कार्यालयलले मुद्दा नचलाएको आफन्तको आरोप छ। घटनाको अनुसन्धानका लागि प्रहरीले मृतककै साथी उर्लाबारी-६का ३१ वर्षीय राजेश रणपहेली, दीपेश पौडेल र शिवा भनिने मेहरमान दर्जीमाथि अनुसन्धान गरेको थियो।

माघ २ गते मुद्दा चलाउन प्रमाण नपुग्ने भन्दै सरकारी वकिलको कार्यालयको निर्देशनपछि पक्राउ परेका रणपहेली हाजिरी जमानीमा छुटेका थिए। मृतककी बहिनी सदीक्षाले इलाका प्रहरी कार्यालय उर्लाबारी पुगेर मिसिल हेर्दा मृतकको फोटो नै परिवर्तन भएको भेटेपछि आफन्त र स्थानीय प्रहरीको भूमिकाप्रति आक्रोशित हुँदै आन्दोलनमा छन्।

प्रहरीले भुलवस फोटो परिवर्तन भएको बताएको छ। जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी लोकदर्शन थापाले एउटा गलत फोटो परेको बताए। आफन्तले अनुसन्धानमा चित्त नबुझाएपछि जिल्ला प्रहरी कार्यालय मोरङले छानविन समिति गठन गरेको जनाएको छ।

### श्रीमतीको ...

बाघखोर र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक-२ स्थित एक घरमा लुकेर बसिरहेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए। शवको कानूनी प्रक्रिया पूरा गरी पोष्टमार्टमको लागि दमक अस्पताल पठाइएको र हत्या गर्ने राईलाई इलाका प्रहरी कार्यालय दमकमा ल्याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

उता श्रीमतीको हत्या गरी फरार रहेका छथर गाउँपालिका-१का ५२ बर्षीय तेञ्जे सेर्पालाई पनि प्रहरीले पक्राउ गरेको छ। फागुन ३ गते सामान्य घरायसी बिबादमा झै-झगडा हुँदा कुटपिट गरेर ५६ बर्षीया श्रीमती छिरिङ डोमा सेर्पाको हत्या गरी फरार रहेका सेर्पालाई जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट खटिएको प्रहरी टोलीले फागुन ९ गते झापाको काँकरभिट्टाबाट पक्राउ गरेको हो।

### प्रतिनिधिसभा ...

तोकेकी थिइन्। सरकारको निर्णयको विरोधमा नेकपा दाहाल-नेपाल समूह, नेपाली कांग्रेस, जसपा लगायतका पार्टीहरु सडक आन्दोलनमा उत्रिएका थिए भने नागरिक समाजले पनि असंवैधानिक कदमको चर्को बिरोध गरेका थिए।

यसैबीच सर्वोच्चको फैसलाको पूर्व सभामुख, पूर्व प्रधानन्यायाधीश लगायतले स्वागत गरेका छन्। सर्वोच्च अदालतले साहसिक तथा ऐतिहासिक निर्णय गरेको भन्दै पूर्व सभामुख दमननाथ ढुङ्गानाले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने सर्वोच्च अदालतको फैसलाले संविधान 'लिक'मा आएको बताएका छन्।

त्यस्तै सर्वोच्च अदालतका पूर्व न्यायाधीश बलराम केसीले प्रतिनिधिसभा विघटन सम्वन्धी सर्वोच्च अदालतको फैसला गर्ने न्यायाधीशहरुलाई 'स्यालुट' गर्नु पर्ने बताएका छन्।

नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले सर्वोच्च अदालतको फैसलाले जनताको जीत भएको वताएका छन्। प्रवक्ता शर्माले अधिनायक, आकांक्षालाई समेत बदर गरेको धारणा राखे।

नेपाल कम्युनिष्ट पार्टी नेकपाकै दाहाल-नेपाल समूहले सर्वोच्च अदालतको फैसलाले देश अँध्यारो सुरुङमा जानबाट जोगाएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीले तत्कालै राजीनामा दिनुपर्ने माग गरेको छ।

दाहाल-नेपाल समूहका प्रवक्ता नारायणकाजी श्रेष्ठ प्रकाशले प्रधानमन्त्री ओलीले राजीनामा दिएर संसदले अर्को सरकार गठन गर्ने प्रक्रिया शुरु गर्नुपर्ने बताएका छन्।


## Chulachuli Rural Municipality, Ilam
Request for Sealed Quotation for

**OPERATION OF REGISTRATION CAMP FOR VITAL EVENTS REGISTRATION, SOCIAL SECURITY AND RELATED COMPLAINT**

*(Date of First Publication: 2077/11/12)*

1. Chulachuli Rural Municipality, Ilam received fund on conditional grant through fiscal transfer of Strengthening Systems for Social protection and Civil Registration (SSSPCR) Project, The Ministry of Home affairs, Department of National ID and Civil Registration, Government of Nepal has received financing from The World Bank toward the cost of the project, and intends to apply part of the proceeds toward payments under the contract for hiring a Firm providing Operation of Registration camp for vital events Registration, Social security and related complaint.
2. Bidding will be conducted through National competitive bidding using a Request for Quotation (RFQ) as specified in the Public Procurement Act and Regulations.
3. Chulachuli Rural Municipality, Ilam invites sealed quotation from the qualified consulting firm of the following detail.

| S.N. | Description | Bidding Document fee (non-refundable) | Pre-Bid Meeting (Date and Time) | Deadline of bid-document purchase | Bid submission deadline (Date and Time) | Bid-Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | Operation of Registration camp for vital events Registration, Social security and related complaint (NP-DOCR-184870-NC-RFQ) | Rs. 1000 | 2077/11/18 | 2077/11/26 | 2077/11/27 till 12 Noon | 2077/11/27 At 2:00 PM |

4. In case of last date for purchasing, submission and opening of bids falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the bid validity shall be recognized from the original bid submission deadline.
5. The bidders should pay fee of Rs. 1000 for bid document at Office Account section or in Rajaswo Khata No. 1030060744200030
6. The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever .
7. The address referred to above is:

Address : **Chulachuli Rural Municipality, Chulachuli, Ilam**
Telephone No :
***website – chulachulimun.gov.np***

## आकर्षक घडेरी बिक्रीमा

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।**

**नोट: जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ।**

***पुनश्च: बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ।***

**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**

## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## सूचना ! सूचना !! सूचना !!!

बिर्तामोड नगरपालिका अन्तर्गतका सामुदायिक सडक कुकुरहरुको मात्र बन्ध्याकरण यही मिति २०७७ फागुन १३ गतेदेखि फागुन १९ गतेसम्म बिर्तामोड नगरपालिका कार्यालयको प्राङ्गणमा हुने भएकाले सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
**पशु तथा मत्स्य विकास शाखा बिर्तामोड (झापा)**

## एकीकरण सम्बन्धी १५ दिने सार्वजनिक सूचना

**यस अरनिको बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-४को १४औं वार्षिक साधारण सभाबाट सञ्चालक समितिलाई संस्था एकीकरण गर्ने अख्तियारी प्रत्योयोजन भए बमोजिम सञ्चालक समितिको निर्णय अनुसार यस अरनिको बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४ र डाँफे बचत तथा ऋण सहकारी संस्था लि. दमक-५, बीच 'सहकारी संघ संस्था एकीकरण सम्बन्धी कार्यविधि २०७७' बमोजिम एक आपसमा एकीकरण प्रक्रिया अगाडि बढेकाले सो सम्बन्धमा सम्पूर्ण शेयर सदस्यज्यूहरु तथा अन्य सरोकारवालाहरुको कुनै सुझाव तथा प्रतिक्रिया भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्राप्त हुने गरी यस संस्थाको कार्यालयमा आफ्ना सुझाव तथा प्रतिक्रियाहरु लिखित रुपमा दर्ता गराई दिनुहुन हार्दिक अनुरोध गरिन्छ।**

**अरनिको बचत तथा ऋण सहकारी संस्था लि.**
**बिर्तामोड-४, झापा (सम्पर्क नं. ०२३-५३३३२७)**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)
**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

चिनारी राजश्व सेवा सेन्टरको सेवा अब हाम्रो झापामा

## हाम्रो सेवा तथा परामर्श

**१) आन्तरिक राजश्व कार्यालयमा हुने कार्यहरु:**
क) कर भुक्तानी/ कर चुक्ता ख) पान नं. सम्बन्धी
ग) कारोबार थप घ) VAT BILL सम्बन्धी काम
**२) घरेलु तथा साना उद्योग कार्यालयमा हुने कार्यहरु**
क) फर्म दर्ता ख) नवीकरण ग) फर्म खरिद/बिक्री
**३) कम्पनी रजिष्ट्रार कार्यालयमा हुने कार्यहरु**
क) कम्पनीको दर्ता ख) नवीकरण ग) नामसारी घ) ठाउँ सारी खरिद
**४) यातायात कार्यालयमा हुने कार्यहरु**
५) कम्पनी, संघ-संस्था, सहकारी तथा फर्महरुको लेखा परीक्षण
६) NTC, NCELL, DISH HOME, INTERNET को रिचार्ज
७) बिजुली, पानीको बिल भुक्तानी
८) फोटोकपी तथा कम्प्युटर सम्बन्धी कार्य अन्य निकायमा, अनलाइन सम्बन्धी कार्यहरु

**चिनारी राजश्व सेवा सेन्टर**
अर्जुनधारा-८ (तुतबारी), झापा
बिर्तामोड-शनिश्चरे रोड, पूर्वाध डेरी उद्योग पूर्व (सुशीला सुवेदीको घर)
युवराज सापकोटा (मो. ९८०४९७६५०६), भीम सञ्जेल (मो. ९८४२६४५३७५)

तीन पाउ भूमि दिँदा बली राजा अमर भए
ठूलो पुण्य गर्नुभयो पितृहरु स्वर्ग गए

## भूमि दान, महाअभियान

अर्जुनधारा जलेश्वरधाम आज धार्मिक धरोहर मात्र नभई नेपाल सरकारको पर्यटन बोर्डमा समेत सूचीकृत भइसकेकोले धार्मिक एवम् पर्यटकीय क्षेत्रको बृहत् गुरुयोजनालाई अगाडि बढाउँदै विविध संरचना निर्माण गर्ने क्रममा भूमि पर्याप्त नभएकाले आवश्यक भूमि लिने क्रममा छौ। उक्त महान कार्यको लागि भूमिदानको व्यवस्था गरिएको छ। श्रद्धेय भक्तजनमा सबैलाई सहज हुने गरी न्यून्तम् एक भक्तजनले १ वर्ग फिट भूमिदान गरी यो महान अभियानको सदस्य बनौं।

गुरु योजना



| वर्गफिट | रकम |
|---|---|
| १ वर्ग फिट | ३५० |
| ३ वर्ग फिट | १,०५० |
| ६ वर्ग फिट | २,१०० |
| ९ वर्ग फिट | ३,१५० |
| १५ वर्ग फिट | ५,२५० |
| २१ वर्ग फिट | ७,३५० |
| ३१ वर्ग फिट | १०,८५० |
| ५१ वर्ग फिट | १७,८५० |
| १०१ वर्ग फिट | ३५,३५० |
| १५१ वर्ग फिट | ५२,८५० |
| ५०१ वर्ग फिट | १,७५,३५० |
| १००१ वर्ग फिट | ३,५०,३५० |
| १५०० वर्ग फिट | ५,२५,००० |

सहयोगको सुविधाका लागि
**श्री अर्जुनधारा जलेश्वरधाम**
अर्जुनधारा नगरपालिका-७, झापा

**सम्पर्क नं.: ०२३-४६५२५५ (कार्यालय)**
**९८४२७०६०८३ (गुरु), ९८४२७३१९०५ (का. सचिव**

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd.
खाता : **श्री अर्जुनधारा जलेश्वर धाम**
खाता नं **00700200038334000002**

राष्ट्रिय बाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.
खाता : **श्री अर्जुनधारा जलेश्वर धाम**
खाता नं **262000447810(S4478)**

अन्तर्राष्ट्रिय सहयोगदाताहरुको लागि: **SWIFT CODE: RBBANKPKA**





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## जग हँसाउन बन्द गर

नेपाल कम्युनिस्ट पार्टी नेकपाको विभाजन तल्लो तहसम्म आइपुगेको छ । गत पुस ५ गते प्रधानमन्त्री एवम् नेकपा अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि उत्पन्न विवाद उत्कर्षमा पुग्दै गर्दा नेकपाको बहुमत संगठित प्रचण्ड–नेपाल पक्षको संगठन विस्तारको काम व्यापक बन्दै गएको छ । सोमबार झापामा पनि सोही पक्षको नेकपा जिल्ला कमिटी गठन भयो । पुराना वामपन्थी नेता वेदराज रेग्मी अध्यक्ष रहेको कमिटीको सचिवमा मणिकुमार साम्पाङ 'विजय' रहेका छन् । पार्टीले सोमबार सार्वजनिक गरेको अड्सठ्ठी वटा जिल्लाको नेतृत्वको सूची अनुसार पूर्व एमाले र पूर्व माओवादीका तर्फबाट पचास–पचास प्रतिशतको अनुपातमा कमिटी गठन गर्ने सहमति भएको बताइएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधिसभा विघटनको निर्णयपछि टुक्रिएको नेकपा यतिबेला शक्ति प्रदर्शनमा होड गर्दैछन् । प्रतिनिधिसभा विघटनपछि काम चलाउको हैसियतमा पुगेको सरकारले त्यसयता राष्ट्रिय महत्वका निर्णयहरु गर्दै प्रमुख प्रतिपक्षी लगायतका दलहरु, मानवअधिकारकर्मी, नागरिक समाज समेतको विरोधको सामना गर्दै आएको सरकार यतिबेला लोकप्रियताका लागि शिलान्यास, उद्घाटन जस्ता सामान्य कार्यक्रमहरुमा रमाइरहेको छ । पाँच वर्षका लागि जनादेश प्राप्त गरेको नेकपा नेतृत्वको सरकार नयाँ जनादेशको निर्णयमा दृढ छ । तर, अन्य दलहरु भने संविधानमै व्यवस्था नभएको विघटनको निर्णयले संविधानलाई कुल्चेको आरोप लगाउँदै सडक संघर्षमा छन् । आफ्नै दलभित्रको कलहलाई व्यवस्थापन गर्न नसक्नु नेतृत्वको अक्षमता नै हो, जसका कारण छँदाखाँदाको प्रतिनिधिसभा विघटन गरियो । त्यसयता सरकार आफैं आफ्नो निर्णय अनुमोदन गराउन र विपक्षीहरुलाई चुनौति दिन देशव्यापी प्रदर्शन गरिरहेको छ ।

आजसम्म नेकपा कानूनीरुपमा एक छ । मत विभाजनले नेकपालाई जिल्ला तहसम्म छुट्याइ सकेको छ । विभाजित मानसिकता र व्यवहारले कहिल्यै एक हुन नसक्ने परिस्थिति निर्माण भइसक्दा पनि कानूनी रुपले अविभाजित रहेको नेकपाभित्रको चरम गुटबन्दी र अन्तर संघर्षले नेपाली राजनीतिलाई अस्थिर त बनाएको छ । नै सँगसँगै अन्यौल र अन्धकारको भविष्यतर्फ उन्मुख गरेको छ । 'घर पोलेर खरानी जम्मा गर्ने' विचार व्यवहार स्वस्थ मानसिकताको उपज हुन सक्दैन । त्यसमाथि संविधानमै नभएको भन्दै कानून र संविधानका जानकार तथा ज्ञाताहरुले प्रमको निर्णयको आलोचना गरिरहेका छन् । त्यसैगरी अदालतसम्म पुगेको मुद्दा दुई–तीन दिनभित्र निरुपण हुने अनुमान गरिँदैछ । उता निर्वाचन आयोग नेकपा उसको वैधानिकता चुनाव चिह्न लगायतका विवाद निरुपण गर्नुको साटो अलमलिएर बसेको छ । यस्तो अवस्थाले सिंगो देश र जनताको भविष्य र भाग्य कुहिरोमा हराएको काग बन्न पुगेको छ । जनताबिनाको देश र देश बिनाको जनताको अस्तित्व नरहने तथ्यलाई आत्मसात गर्न सरकारको नेतृत्व गर्नेलाई क्षमता प्राप्त होस् । त्यस्तै नेकपाको सिंगो नेतृत्व वर्गमा 'जग हँसाउने' गतिविधि नगर्न र प्रस्ट विचारसहित राष्ट्रिय स्वार्थलाई बलियो बनाउने दिशामा अग्रसर हुने सद्बुद्धि आओस् । अन्यथा जनताले विकल्प खोज्नेछन् जहाँ व्यक्ति स्वार्थका पछि लाग्नेलाई ठाउँ नरहन सक्छ ।

# अराजक हुँदै सत्ता


चिन्तामणि दाहाल

> राम्रो काम गर्ने हो भने किन कानून पढी रहनुपर्ने हो भन्ने सत्तालाई अराजक भन्नुपर्छ। कानून बनाई सकेपछि त्यसकै आधारमा सत्ता चलाउनुपर्छ। तर, ओली र उनका मतियारहरु त्यसो भन्दैनन्।

**अचम्भ :**

सत्ता अराजक त्यसबेला हुन्छ जुन बेला ऊ निरंकुश हुन्छ। विश्वमा त्यस्ता निरंकुश सत्ता पनि अराजक भएको इतिहास भेट्टाउन मुश्किल हुन्छ। तर, नेपालमा सत्ता निरंकुश नभए पनि अराजक हुँदै जानुलाई अचम्भको घटना मान्दा अन्यथा हुँदैन। यसको अर्थ ओली सत्ता निरंकुश हुने ध्याउन्नमा छ। ऊ विधान र संविधानभन्दा आफूलाई माथि ठान्छ र नलेखिएको अधिकार छ भनेर हुँकार गर्दै हिँडेको छ। यसलाई आठौं आश्चर्य मान्दा पनि फरक नपर्ला। ...देख्नेलाई लाज भने जस्तो भएको छ, अहिलेको सत्ताका गतिविधि हेर्दा।

हालैको घटना हो प्रधानमन्त्री ओलीले विराटनगरको आम सभामा भने प्रतिनिधि विघटन सदर भएन भने हाम्रो आन्दोलन सशक्त भएर जानेछ। आन्दोलनका लागि तयार हुनुहोस् भनेर कार्यकर्तालाई नेकपाको अध्यक्षका नाताले ओलीले निर्देशन दिए। उनले बिर्सिए अथवा जानी जानी सर्वोच्च अदालतलाई धम्क्याए।

अहिले सर्वोच्चमा प्रतिनिधि सभा विघटनविरुद्ध १३ वटा रिटको बहस सकिएर मुद्दाको छिनोफानो हुन बाँकी छ। फैसला आउन बाँकी छ। फैसला आफ्नो पक्षमा आउनुपर्छ भन्नु अराजक होइन। तर, आफ्नो पक्षमा आएन भने प्रधानमन्त्रीले आन्दोलन गर्छु भन्नु अराजक हो। उनले अर्को अचम्भ लाग्दो कुरा पनि गरे। उनले भने सेटिङ फेटिङ गरेर प्रतिनिधि पुनर्स्थापना हुने आशंका छ। उनी आफूलाई शक्तिशाली प्रधानमन्त्री मान्छन् र भन्छन् अवशिष्ट अधिकार प्रधानमन्त्रीलाई यस संविधानले दिएको छ। जो सत्तामा छ ऊ नै अरुले सेटिङ फेटिङ गरेको कुरा गर्छ। उनलाई सेटिङ गरेको आरोप अरुले लगाएका छन्। त्यसको जवाफ दिँदा उनले अत्तालिएर आफू प्रधानमन्त्री हो भन्ने बिर्सिए जस्तो छ।

त्यसैगरी अहिले अराजकता देखाउने अर्को प्रदेश १ सरकार भएको छ। मुख्यमन्त्री राईले सभामुखलाई आफ्नो अनुकूल काम गराउन दबाब दिँदैछन्। उनले धेर फुर्ति लायौ भने संसद भंग गरिदिन्छु। संघीय सरकारका प्रधानमन्त्रीलाई प्रतिनिधि सभा भंग गर्ने जस्तो अधिकार छ, त्यही र त्यस्तै अधिकार मूख्यमन्त्रीहरुलाई छ। अब सर्वोच्चले प्रतिनिधि सभा विघटनको फैसला जसरी गर्छ त्यही आधारमा प्रदेश संसद भंग गर्न पाउने वा नपाउने अधिकार मुख्यमन्त्रीलाई हुन्छ।

त्यस्तै प्रदेश १ का मूख्यमन्त्री अरुभन्दा पृथक मूख्यमन्त्री देखा पर्दैछन्। ओलीकै कपि-पेष्ट जस्तो। उनले आफ्नोविरुद्ध लाग्नेलाई बिना प्रक्रिया आफूसँगको अधिकारको अनधिकृत ढंगले प्रयोग गर्दै सांसदहरुलाई निलम्बनको काम गरेर अराजकको नमूना देखाएका छन्। त्यसैगरी आफ्नो अनुकूल निर्णय गराउन नसकेपछि सत्ताधारी सांसदहरु संसद बैठक चल्न नदिने र बहिष्कार गर्ने कार्यमा समेत उत्रिएर अराजकताको पराकाष्ठा नाघ्न पुगेका छन्। कहीं नभएको जात्रा हाँडी गाउँमा भने जस्तो भएको छ अहिले।

**किन हुन्छ सत्ता अराजक :**

माथि उल्लेख गरियो। लोकतान्त्रिक गणतन्त्रको सत्ता अराजक हुनु आठौं आश्चर्य हो। कहीं नभएको जात्रा हाँडी गाउँमा जस्तो पनि भनियो भने... देख्नेलाई लाज पनि भनियो। अब सत्ता किन अराजक हुन्छ भन्ने छोटो चर्चा गरौं।

सत्ता कस्तो व्यक्तिको हातमा जान्छ भन्ने कुराले सत्ता अराजक हुने वा नहुने निर्भर हुँदो रहेछ। भर्खरै निवर्तमान भएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प त्यसको ज्वलन्त प्रमाण हुन्। अमेरिका जस्तो प्रजातन्त्र परिपक्व र सिष्टमले चलेको देशमा त एउटा राष्ट्रपति ब्लन्ट पर्‍यो भने सिष्टमलाई नै खत्तम पार्ने प्रयास हुँदो रहेछ भन्ने उदाहरण हो ट्रम्पको कार्यकाल। उनी अन्तिम समयसम्म पनि अराजक भइरहे। चुनाव हारेर पनि हारेको स्वीकारेका छैनन्।

त्यसैगरी सत्तामा बस्ने व्यक्तिको प्रवृत्ति उदारवादी छ भने उ निरंकुश शासन प्रणालीकै शासक भए पनि उसले काम गर्ने प्रणाली स्थापना गर्न पहल र प्रयत्न गर्छ। जस्तो नेपालमा राणा शासनमा देव शम्शेर प्रधानमन्त्री र श्री ३ भएका बखत उनले देखाएको उदारता एउटा उदाहरण हो। लोकतन्त्रमा एउटा व्यक्ति जो सत्ताको शीर्ष स्थानमा छ त्यो नै अराजक भयो भने पनि उसलाई ठेगान लगाउन बढीमा पाँच बर्ष लाग्छ। तर, निरंकुश शासन प्रणालीमा सत्ता अराजक भयो भने उसलाई ठेगान लगाउन क्रान्ति नै आवश्यक पर्छ।

सत्तामा लोकतान्त्रिक प्रणालीबाट निर्वाचित भएर पुगे पनि उसको प्रवृत्ति निरंकुश छ भने र उसले सुरक्षाका अंगहरुलाई फकाउन सक्यो भने त्यो तानाशाह भएर लामो समयसम्म शासन गर्छ। त्यस्तो उदाहरण खाडी राष्ट्रहरुमा र अफ्रिकी राष्ट्रहरुमा पाइन्छ। पछिल्ला तानाशाह हुन सिरियाका राष्ट्रपति अर्सद। भेनेजुयलाका राष्ट्रपति र अहिले रुसका राष्ट्रपति पुटिन पनि तानाशाहका प्रतिक बन्दैछन्। त्यस्ता तानाशाह जो जनता हुन् उनीहरु निर्वाचन पनि गराउँछन् र उनीहरु नै जित्छन् पनि। उनीहरु हार्दै हार्दैनन्।

अहिले नेपालमा ओली सत्ता त्यतैतिर मोडिन लागेको हो। दुई तिहाईको नजिक बहुमत भएको प्रधानमन्त्री प्रतिनिधि सभा भंग गरेर फेरि दुई तिहाई मत लिन निर्वाचन गर्छु भन्दैछन्। यसैले ओली डरलाग्दा भएका छन्। उनको राजनीतिक स्कूल अधिनायकबाद नै भएकोले उनले त्यस्तो सोचलाई स्वभाविक ठान्छन्। राम्रो काम गर्ने हो भने किन कानून पढी रहनुपर्ने हो भन्ने सत्तालाई अराजक भन्नुपर्छ। कानून बनाई सकेपछि त्यसकै आधारमा सत्ता चलाउनुपर्छ। तर, ओली र उनका मतियारहरु त्यसो भन्दैनन्। उनका अनन्य सहयोगी अहिले गृहमन्त्री थापाले आमसभामा भने अब तेस्रो जनआन्दोलन हुन्छ। आफैं गृहमन्त्री भएर उनले कसविरुद्धको आन्दोलन खोजेको हो ? यो अर्को अराजक सोच नभए के हो।

त्यसैले अहिलेको लडाईं त्यस ओली प्रवृत्ति र उनका मतियारहरुको सोचविरुद्ध हो। व्यक्ति ओलीको विरोध होइन। ओलीका समर्थक व्यक्तिहरु विरुद्ध होइन। उनीहरुको प्रवृत्तिविरुद्ध अहिलेको आन्दोलन आवश्यक भएको हो। सर्वोच्चले के फैसला गर्छ उसको कुरा हो। तर, उसले हेर्ने र पढ्ने अक्षर त त्यही संविधानमा लेखिएका कुरा नै होलान्। पहिलाको संविधानमा लेखिएको वा अरु देशका संविधानमा लेखिएको कुरा पढेर नेपालमा ब्याख्या गर्ने त पक्कै होइन होला।



# डाक्टरको अक्षर किन बिग्रँदै जान्छ ?

□ डा. सुवास प्याकुरेल

कसैको अक्षर नराम्रो भयो भने यसमा डाक्टर बन्ने गुण देखियो भनी रमाइलो व्यंग्य गर्ने चलन पुरानै हो। बच्चै बेलामा सुनेको कुरा हो, डाक्टरले आफूले चाहेको फार्मेसीले मात्र बुझ्ने गरी अक्षर लेख्छन् रे। मानौं कि उनीहरुबीच कोड ल्याङ्वेजमा कुराकानी चल्ने गर्छ।

यो बुँदा सत्य होइन, भ्रम हो तर के चाहिँ सत्य हो भने डाक्टरको अक्षर समयक्रमसँगै बिग्रँदै जान्छ र बिग्रँने क्रम रोकिँदैन। धेरैको मनमा पौडी खेलिरहने प्रश्नहरु हुन्, के राम्रो अक्षर हुनेहरु डाक्टर बनेकै हुँदैनन् ? के नराम्रो अक्षर हुनु डाक्टर बन्ने क्राइटेरिया मध्ये नै हो र ? के डाक्टर बन्दैमा वा डाक्टरी गर्दैमा अक्षर बिग्रिनु पर्ने नै हो र ? राम्रो वा बुझिने अक्षरमा लेख्न डाक्टरहरु सक्दैनन् कि चाहँदैनन् ?

वास्तवमा डाक्टरहरुले बुझिने गरी वा राम्रो अक्षरमा लेख्न नचाहने होइनन्। पहिलेदेखि नै डाक्टरको अक्षर नराम्रो हुने भन्ने पनि होइन। त्यही डाक्टरले फुर्सदको समयमा कविता वा लेख लेख्नु पर्‍यो वा छोराछोरीलाई होमवर्क सिकाउनु पर्‍यो भने अधिकांश समयमा पहिले कै जस्तो राम्रै अक्षरले लेखेको हुन्छ। उसो भए बिरामीको डिटेल र प्रेसक्रिप्सन अनि भर्ना भएका बिरामीको नोट लेख्दा भने किन हस्ताक्षर गरे जस्तो वा मुटुको चाल बिग्रिएको इसिजीको जस्तो अक्षर लेख्ने गर्छन् वा भनौं अक्षरले बिग्रिदैबिग्रिदै त्यस्तो स्वरुप ग्रहण गर्न पुग्छ त ? यस विषयमा अहिलेसम्म वैज्ञानिक ढंगको ठूलो अनुसन्धान भइनसके तापनि यसका पछाडि निम्न चार कारण रहेको बुझ्न सकिन्छ :

**पहिलो कारण : लेखेको लेख्यै गर्नु पर्नाले**

बिरामीले बोलेका महत्वपूर्ण बुँदाहरु र परीक्षणबाट देखिएका एक्जामिनेसन फाइण्डिङहरु डाक्टरले पेशागत दायित्व मुताविक टिप्नु नै पर्ने हुन्छ। भनिन्छ, मेडिकल क्षेत्रमा कुनै पनि कुरा 'डकुमेण्टेड नहुनु' भनेको नसोधेको वा पत्ता नलगाएको सरह हुनु हो। उसै पनि आफूले निकालेको डायग्नोसिस पुष्टि गर्न एवम् औषधि र सल्लाह ठीक लाइनमा छ भन्ने खुलाउन पनि मुख्य बुँदाहरु छुटाउन मिल्दैन। त्यसमाथि बिरामीले आफ्नो अधिकार बमोजिम केही कुरा चित्त नबुझेर सम्बन्धित निकायमा पुग्न सक्ने भएकाले पनि डाक्टरले ज्यामितिको साध्य प्रमाणित गरेजस्तो गरी सबै तथ्यलाई कारण सहित खुलाएको हुनै पर्छ। त्यसैले डाक्टरको ध्यान कुनै महत्वपूर्ण पोइन्ट नछुटोस् भन्नेमा ज्यादा हुन्छ न कि राम्रो वा चिटिक्कको अक्षर बनाउँ भन्नेमा।

अब विचार गरौं, एक डाक्टरले अस्पताल र क्लिनिक गरी दिनको तीसदेखि चालीस जना बिरामी हेर्ने क्रममा कत्ति धेरै लेख्नुपर्छ होला। नटिप्नु र त्यसको परिणाम खेप्नुभन्दा जस्तोसुकै अक्षरमै भए पनि लेखौं भन्ने मनोविज्ञान हावी हुन्छ र धेरै लेख्ने क्रममा हातका मांसपेसी गल्दैगल्दै जाँदा अक्षर पनि बिग्रँदै-बिग्रँदै जान्छन्। दिनको शुरुवाती केसहरुमा अक्षर तैबिसेक राम्रो र बुझिने पनि हुनसक्छ र जसै बिरामी थपिँदै जान्छन्, उसै-उसै अक्षरले पनि रुप बदल्दै जान्छ।

**दोस्रो कारण : धेरै पटक एउटै कुरा लेखी राख्नु पर्नाले**

बिरामीपिच्छे हिस्ट्री, फ़ाइण्डिङ र डाइग्नोसिस पनि फरक-फरक नै हुन सक्छ। तर, सूक्ष्म ढंगले विश्लेषण गर्ने हो भने 'यो डाइग्नोसिस हो' भन्ने लाइनमा कुरा खुलाउने शब्द वा वाक्यको अंश सरदर दशदेखि बीस प्रतिशतसम्म हुन्छ भने 'अरु कुनै डाइग्नोसिस होइन है' भन्ने लाइनबाट कुरा खुलाउने शब्द वा वाक्यको अंश सालाखाला असीदेखि नब्बे प्रतिशत हुने गर्छ। यसको अर्थ असीदेखि नब्बे प्रतिशत शब्द र वाक्य प्रायः बिरामीको प्रेसक्रिप्सन सिटमा उही नै दोहोरिन आउँछ। जसरी कहिलेकाहीँ पूजा गर्नेले प्रष्टसँग मन्त्र पढे तापनि दैनिकै पूजापाठ गराउँदै हिँड्ने पण्डितले अरुले बुझ्न नसक्ने गरी छिटो-छिटो पाठ गरे झैं एउटै कुरा लेखेकोलेख्यै गर्नु पर्नाले डाक्टरको अक्षर बिग्रँदै जाने हुन्छ। यही तथ्य ओपिडीमा वा क्लिनिकमा मात्रै होइन डिस्चार्ज लेखेकोलेख्यै गर्ने क्रममा इन्टर्न डाक्टर हुँदादेखि नै लागू हुन थालिसकेको हुन्छ।

**तेस्रो कारण : बिरामीको भोल्युम र कामको चाप धेरै हुनाले**

नेपालको सन्दर्भमा अहिलेसम्म डाक्टरले दिनभरिमा यति बिरामी मात्र हेर्ने र एकजना बिरामीलाई न्यूनतम् यति समय दिनैपर्ने भन्ने नियम नभएको वा राख्न नसकिएको कारणले गर्दा एक डाक्टरले 'आको बात छैन' शैलीमा बिरामीको संख्या स्विकार्नुपर्ने हुन्छ। पहिले नै अपोइण्टमेन्ट तोकिने र ओपिडी पस्नु अगावै नयाँ र फलोअप गरी यति संख्यामा यो-यो बिरामी आउँदैछन् भन्ने थाहा पनि नलाग्ने त्यसमाथि कुन बेला इमर्जेन्सी, आइसियु वा वार्डबाट कल आइपुग्छ भन्ने पनि आंकलन नहुने हुँदा डाक्टरको प्रत्येक दिन चापाचापको दिन हुने गर्छ।

बिरामीमा खोजिनुपर्ने विषय र गरिनुपर्ने उपचार अत्यधिक संवेदनशील विषय भएकाले कामको चाप र दिमागको तापको घर्षण हुँदै स्ट्रेस हर्मोन हरदम रगतमा बगी राखेको हुने तथ्यका बीच दिमाग र शरीरका प्रत्येक अंगले हतार भएको नोटिफिकेसन पाइ राख्छ। फलस्वरूप डाक्टरले धैर्य राख्दै राम्रो अक्षर लेख्नेतिर ध्यान दिन सक्दैन्, चाहेरै पनि।



**चौथो कारण : कागज र कलमकै भर हुनाले वा इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टमको चलन नहुनाले**

अघि भने झैं एउटै कुरा पटकैपिच्छे हातैले लेख्नुपर्ने अवस्थालाई इलेक्ट्रोनिक सिस्टममा 'प्रिफिड' वा 'डिफल्ट' वाक्य, रिमाइण्डर आदि राख्ने हो र झुक्किन सक्ने कुराहरु सिस्टमले नै सम्झाइदिने हो भने माथि उल्लेख गरिएका सबै कारण वा समस्याहरुको साझा समाधान हुनसक्ने थियो होला। खोजेको बेलामा भनेको बिरामीको भनेको रेकर्ड निक्लने र तुलना हुनसक्ने हुँदा सर्च र रिसर्च पनि सजिलै गरी गर्न सकिने थियो होला। लेखेको वा सोचेको कुरा बिग्रियो कि भनी सोचेरै निक्लने स्ट्रेस हर्मोन पनि कम निक्लने थियो होला र बिरामीदेखि डाक्टरसम्म सबैको समय पनि बच्ने थियो होला।

**निम्तिएको व्यवधान र सम्भावित समाधान**

डाक्टरको अक्षर नबुझिने बन्दै जाँदा कतिपय अवस्थामा एउटा औषधि भनेर अर्कै औषधि पर्ने सम्भावना पनि उत्तिकै रहन्छ। त्यसको दुष्परिणाम हामीले सोचेको भन्दा निकै गम्भीर पनि हुन सक्छ। लुक-अलाइक र साउण्ड-अलाइक औषधि जस्तैः एजाथियोप्रिन र एजिथ्रोमाइसिन, पेनिसिलिन र पेनिसिलामाइन जस्ता औषधि साट्टिएर पर्नसक्ने र डाक्टरले लेखेको ब्राण्ड वा जेनेरिकमा अर्कै ब्राण्ड भिडिन सक्ने सम्भावना पनि उत्तिकै रहन्छ। त्यसभन्दा बढी, नबुझिने अक्षरले निम्त्याउन सक्ने बबाल र बुझिने अक्षरको सवालले ढोका खोल्ने इलेक्ट्रोनिक मेडिकल रेकर्डको प्रयोगले 'उपाय एक, समाधान अनेक' को नारा पाउने छ र मेडिकल क्षेत्रले नै छलाङ मार्ने छ, समय क्रमसँगै।

# सिम्रिक र गौरव कृषि सहकारी एकीकरण



**बिर्तामोड, फागुन ११।** बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्था र दमकमा कार्यालय रहेको गौरव कृषि सहकारी संस्थाबीच एकीकरण भएको छ।

सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेत, जनशक्ति व्यवस्थापन विभाग प्रमुख मिनवहादुर अधिकारी र गौरव कृषि सहकारी संस्थाका अध्यक्ष घनश्याम न्यौपानेलाई प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय इटहरीका रजिष्ट्रार बलराम निरौलाले अन्तिम स्वीकृतिको प्रमाण पत्र प्रदान गरे सँगै दुवै सहकारी संस्थाबीच एकीकरण भएको हो।

यसअघि प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय इटहरीमा सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुवास भट्टराई र गौरव कृषि सहकारी संस्थाका अध्यक्ष घनश्याम न्यौपानेको अध्यक्षतामा भएको दुवै सहकारी संस्थाबीच एकीकरणको अनुशिक्षण कार्यक्रममा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय इटहरीका रजिष्ट्रार बलराम निरौलाले प्रशिक्षण प्रदान गरेका थिए।

सरकारले ल्याएको सहकारी एकीकरणको नीति अनुसार दुई सहकारीवीच एकीकरण गरिएको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले बताए। उनले दुई सहकारीवीच एकीकरण गरेसँगै अब उप्रान्त सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको नामबाट दमकमा सेवाकेन्द्र सञ्चालनमा ल्याएर आफ्ना सदस्यहरुमाझ कारोबार शुरु गरिएको जानकारी दिए। यो सँगै झापाका विभिन्न २२ वटा र मोरङ र इलामका पाँच वटा सदस्य सेवाकेन्द्रबाट शेयर सदस्यहरुलाई वित्तीय सेवा प्रवाह गरिरहेको उनले जानकारी दिए।

त्यस्तै गौरव कृषि सहकारी संस्थाका अध्यक्ष घनश्याम न्यौपानेले आफ्नो संस्था सिम्रिक बचत तथा ऋण सहकारी संस्थासंग एकीकरण गर्न पाउँदा आफूहरु गौरवान्दित भएको बताए।

# बुद्धशान्तिमा स्थानीय पाठ्यक्रम निर्माण गरिँदै

□ टंक विकल्प

**बुद्धशान्ति, फागुन ११।** बुद्धशान्ति गाउँपालिकामा स्थानीय पाठ्यक्रम निर्माणका निम्ति तीन दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ।

बुद्धशान्ति गाउँपालिका शिक्षा 'युवा तथा खेलकुद शाखाको आयोजनामा गत आइतबारबाट शुरु भएको अभिमुखिकरण तालिम मंगलबार सम्पन्न भएको हो। बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष रमेशकुमार भुजेलको अध्यक्षता रहेको उद्घाटन कार्यक्रममा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख कमलप्रसाद निरौलाले स्वागत गरेका थिए।

स्थानीय निकायका जनप्रतिनिधिहरू र राजनीतिक दलका प्रतिनिधिहरू सहभागी रहेको उक्त तालिमको उद्घाटन सत्रमा स्थानीय सामाजिक विकास समितिका संयोजक तथा वडा नं. ६ का वडाध्यक्ष शम्भुप्रसाद पौड्यालले औचित्यमाथि प्रकाश पारेका थिए। कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष मिरा भुर्तेल, नेपाली कांग्रेसका मनेश दाहाल, नेकपाका भवानी खतिवडा, राप्रपाका नारायण न्यौपाने र जसपाका दुर्गा नेम्वाङले मन्तव्य राखेका थिए। त्यस्तै दोस्रो दिनको तालिममा सामुदायिक तथा संस्थागत विद्यालयका प्रअ, प्रतिनिधि, व्यवस्थापन एवम् सञ्चालक समितिका अध्यक्ष तथा प्रतिनिधि, शिक्षक अभिभावक संघका अध्यक्ष तथा प्रतिनिधि, पूर्व प्रअ तथा पूर्व शिक्षकहरू, स्थानीय संघ-संस्थाका प्रमुख तथा प्रतिनिधि, विद्यार्थी, सञ्चारकर्मी तथा बुद्धिजीवी शिक्षासेवीहरुको सहभागिता रहेको थियो।

बुद्धशान्ति शिक्षा समितिका सदस्य तथा मुना-मदन एकाडेमीका प्राचार्य चेतन ढुंगेलले स्वागत गरेको तालिममा सहजकर्ताद्वय अशोक कालाखेती र नवीन लुइँटेलले सहजीकरण गरेका थिए।

तालिममा कक्षा १ देखि ३ सम्म, चार र पाँचका लागि र कक्षा ६ देखि ८ सम्मका लागि १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू समूहगत रूपमा सुझावसहित प्रस्तुत गरिएका थिए। मूलभूत रूपमा बुद्धशान्तिको भौगोलिक अवस्था र इतिहास, जातिय भाषा, साहित्य, कला, संस्कार, रीतिरिवाज र संस्कृति, कृषि व्यवसाय, खाद्यान्न र नगदे बाली, बुद्धशान्तिका ऐतिहासिक, सामाजिक व्यक्तित्वहरूका चिनारी एवम् जीवनी, पर्यटन, वातावरण तथा पर्यावरण, नैतिक शिक्षा, धार्मिक पर्यटन तथा धार्मिक स्थलको चिनारी, सहकारी शिक्षा, ट्राफिक चिन्ह, नियम र सुरक्षा, स्थानीय साहित्य, कला र संस्कृति, सूचना तथा प्रविधिमा स्थानीय समुदायको पहुँच, स्वच्छ पानी, सरसफाई र वन लगायतका विषयहरु प्रस्तुत गरिएका थिए।

कार्यक्रममा सहकारी समूहका तर्फबाट हरि पौड्याल, महिला समूहका तर्फबाट देवकुमारी शेर्मा, पूर्व प्रअ तथा शिक्षकहरुका तर्फबाट शिवकुमार पौड्याल, कार्यरत प्रअ तथा शिक्षक समूहबाट अनिल खतिवडा, विद्यालय व्यवस्थापन समिति समूहबाट रुद्र भण्डारी खानेपानी तथा वन समूहबाट थिरप्रसाद खतिवडा, विद्यार्थी समूहबाट नारायणप्रसाद रिजाल र साहित्य, कला,सञ्चार, सुरक्षा क्याम्पस, जेसीज समूहबाट टंक काफ्ले विकल्पले विषय प्रस्तुत गरेका थिए।

शिक्षा समितिका पदाधिकारीहरू र प्राविधिकहरूसहितको सहभागितामा स्थानीय क्षेत्रबाट प्रस्तावित विषयहरूको छलफल र छनौट गरी पाठ्यक्रम निर्माणको प्रक्रिया शुरुवात भएको घोषणा गरी तालिम समापन गरिएको थियो। कार्यक्रमको सञ्चालन शिक्षा समिति सदस्य तथा कान्तिपुर अंग्रेजी विद्यालयका प्राचार्य विष्णु सापकोटाले गरेका थिए।

# राप्रपा कचनकवलमा पुनः ओझा



**भद्रपुर, फागुन ११।** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कचनकवल गाउँ समितिको अध्यक्षमा पुनः रविचन्द्र ओझा चयन भएका छन्।

राप्रपाको कचनकबल गाउँ अधिवेशनले ओझाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो। ओझा बाहेक अन्यले अध्यक्ष पदमा उम्मेदवारी नदिएपछि पुनः ओझालाई पाँच वर्षीय कार्यकालका लागि अध्यक्षमा निर्विरोध चयन गरेको हो। अध्यक्षमा ओझालाई चयन गरे पनि राप्रपा गाउँ समितिमा गाउँपालिकाको सातै वडाबाट सदस्यहरू चयन गरी समितिलाई थप विस्तार गरिने जनाइएको छ।

समारोहका प्रमुख अतिथि राप्रपाका नेता राजेन्द्र लिङ्देनले अधिवेशनको उद्घाटन गर्दै कचनकबलमा पार्टीलाई थप मजबुत र विस्तार गर्न नवनिर्वाचित अध्यक्षले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिए। पार्टी एकतापछि अहिले राप्रपा जिल्लाभरि वडा, गाउँ तथा नगर समिति विस्तार अभियानमा लागि परेको बताउँदै उनले भने- 'राजतन्त्रसहितको हिन्दू राष्ट्र पुनर्स्थापना हाम्रो मुख्य लक्ष्य र अभियान हो।' उनले कचनकवलका जनप्रतिनिधिलाई लक्षित गरी भने- 'जनताको कामबाट पछि नहटनुहोस्, आज हुने काम आजै गर्नुहोस्, भोलि भनेर कसैलाई दुःख दिने काम नगर्नुहोस्, जनताकै भोटबाट तपाईहरू जित्नु भएको आफैंले त्यसको आत्मसमिक्षा गर्नुहोला।'

कार्यक्रममा राप्रपा पार्टीका केन्द्रीय सदस्य टेकनारायण राजवंशी, केन्द्रीय कार्य सम्पादन समितिका सदस्य देवुरमण भट्टराई, गाउँपालिकाका अध्यक्ष अञ्जार आलम, उपाध्यक्ष निमसरि राजवंशी, जिल्ला सदस्यहरू सत्यनारायण यादव, धनवीर तामाङ, गाउँ समिति सदस्यहरू अम्बास आलम, फाल्गुनी राजवंशी लगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी २७ जना राप्रपामा प्रवेश गरेको जनाइएको छ।

# विद्यार्थीलाई झोला



**दुहागढी, फागुन ११।** मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई दाताले झोला वितरण गरेका छन्।

बिर्तामोड निवासी टोयज पार्क बिर्तामोड तथा इटहरीका सञ्चालक सुनिल खरेलले विद्यालयका एक सय जना विद्यार्थीहरुलाई पाठ्यपुस्तक बोक्ने झोला वितरण गरेका हुन्। विद्यालयमा मङ्गलवार आयोजित एक कार्यक्रमका बीच दाता खरेल र उनकी धर्मपत्नी सिर्जना कुँवर खरेलले प्राथमिक तहमा अध्ययनरत् विद्यार्थीहरुमध्ये झोला नहुने विपन्न विद्यार्थीहरुलाई झोला वितरण गरेका थिए।

कार्यक्रममा विपन्न विद्यार्थीहरुलाई सहयोग गरेकोमा दाताहरुलाई विद्यालयका प्रधानाध्यापक विश्व थापाले धन्यवाद दिएका थिए।


## SAUDI ARABIA मा Driver हरुलाई रोजगार

कम्पनी: Al Ajeer Recruitment Company(ARCO).

पुनः विज्ञापन । पूर्व स्वीकृती मिति: २०७७/११/१० चलानी नं. ८६९ LT No.: 226074

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Small Transport Car Driver | 08 | साक्षर | 1700 | ५२,६६२।- | कानुन अनुसार | ८ घण्टा | ६ दिन | कानुन अनुसार | छ | छ | २ बर्ष |
| २. | Truck Driver | 18 | | 1900 | ५८,८५७।- | | | | | | | |

❖ English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ। ❖ उमेर २२ बर्ष देखि ३५ बर्ष
❖ Nepali र GCC License भई Sales सम्बन्धि ज्ञान भएका ड्राईभरहरुले सम्पर्क गर्नुहोला।

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७७ फागुन १८ गते (Mar.2) सि. पि. होटल बिर्तामोड झापामा हुनेछ।

Al Shahid Overseas Pvt. Ltd. Govt. Lic. No. 1329/074/075
Chandol, Kathmandu, Phone : 01 - 4414440
Jhapa: 9802774865, 9802070865, 9817933335.

## दुबईमा सेक्युरेटी गार्ड र महिला तथा पुरुष क्लिनरहरुलाई रोजगार

कम्पनी: SERVEU LLC,DUBAI
पूर्व स्वीकृत मिति: २०७७/११/०५ चलानी नं.: ८०१५४६०३ LT. NO.: 236224

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners | 200 | 50 | | 800 | २५,२६५ | | | | | | | |

कम्पनी: IMDAAD,L.L.C
पूर्व स्वीकृत मिति: २०७७/११/०५ चलानी नं.: ८०१५४६०२ LT. NO.: 236194

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/janitress | 0 | 50 | सम्बन्धित काममा दक्ष | 900 | २८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner/general Labourer | 250 | 0 | | 800 | २५,२६५ | | | | | | | |

नोट: १. सेक्युरेटी गार्डको उचाई ५ फिट ५ इन्च भई SLC पास गरेको हुनुपर्नेछ।
२. बेसिक सेलरी १२०० दिराम भएतापनि ओभरटायम गरेर १६०० देखी १८०० सम्म हुनेछ।
३. क्लिनरको उमेरको हकमा १८ वर्ष देखी ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट बिर्तामोडमा फागुन १४ गते हुनेछ।

शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.
सामाखुशी रिङ्गरोड, काठमाडौं। सम्पर्क: ०१-४३८७९९१, ४३८७९९२
शाखा कार्यालय बिर्तामोड:- ०२३-५४१०६०, ५४०९१७, ५४५३३८८
मो:९८०१०३३९७०/९८०१०३३९७४/९८०१०३३९७५/९८०८३५१३६७/९८०१०२३८१३/९८०१०३३९७७/९८४२६२३८१३
(श्रम इजाजत नं: ८०६/०६५/६६)
email: pr@siwakoti.com, branchbtm@gmaill.com

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र
Chakra-ka-rakshak




पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।
महिला: १० जना पुरुष: २० जना
तलब: आपसी समझदारीमा
कार्यक्षेत्र: झापा जिल्लाभर

पर्फेक्ट सेक्युरिटी सेन्टर
सिटी सेन्टर पूर्व, देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## दूध डेरी तथा किराना पसल बिक्रीमा

बिर्तामोड-१ स्थित चालू अवस्थामा रहेको दूध डेरी तथा किराना पसल बिक्रीमा रहेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क: ९८०८८६६९९१, ९८१६०८२९५५

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता) वैदिक ज्योतिष परामर्श केन्द्र शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९१)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। आस मारेको नतिजा समेत सकारात्मक हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला। परिवारमा आमाको माध्यमले फाइदा उठाउन सकिनेछ। इर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउलान्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन्। हिस्सेदारसँग केही सम्झौता गर्नुपर्ने अवस्था आउन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मेहनतको फल प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। इर्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा परिस्थितिले आफ्नै पक्ष लिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला। शुभचिन्तकहरूको सहयोग जुट्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मौका पर्खंदा अप्ठ्यारो स्थितिमा सुधार आउनेछ। मेहनतले आँटेको काम बन्नेछ। आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
अर्थ उपार्जनका विभिन्न स्रोतहरू फेला पर्नेछन्। समाजमा आफ्नो प्रभाव बढ्न सक्छ। धेरै बोल्दा समस्या आउन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
सुन्दर पहिरनले व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। परिस्थितिवश कुनै काममा बढी अलमल हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आफ्ना कमजोरी बाहिरिने समय भएकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला। व्यापारमा फाइदा हुनेछ।